## सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी जोमसोम माउन्टेन रिसोर्ट (प्रा.) लि. को नाउँमा दर्ता रहेको मुस्ताङ जिल्ला मार्फा गा वि. स. वडा नं. ५ 'ग' कि. नं. ११९ र २०१ को क्रमशः क्षेत्रफल रोपनी ४९–१–३–२ र १०–०–०–० गरी जम्मा क्षेत्रफल रोपनी ५९–१–३–२ को मूल्य रु. ३,२४,५०,०००।– (तीन करोड चौबीस लाख पचास हजार) पर्ने जग्गा धितो बन्धक राख्न दिई अन्तर्राष्ट्रिय वित्त निगमसँग ऋण लिंदा मालपोत कार्यालय काठमाडौंबाट पारित हुने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, जेठ ४ गते २०५५ साल (संख्या ५

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिलाई निम्न वस्तुमा मूल्य अभिवृद्धि कर छूट दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. स्वदेशभित्र उत्पत्ति भएका झुत्राहरूको शत-प्रतिशत प्रयोग गरी उत्पादन गरिएका वस्तु ।

२. हार्मोनाइज संकेत नं. ८४ अन्तर्गत पर्ने औद्योगिक मेशिनरी ।

३. शत प्रतिशत सुती कपडाको उत्पादन र जूट उत्पादन (स्वदेशी उत्पादनमा मात्र पैठारी बाहेक) ।

४. कपडा बनाउने सुती धागो (पैठारी र उत्पादन दुवैमा) ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।